**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

# आधारभूत तहमा दलित छात्रवृत्तिको अवस्था

शान्ति कुमारी खड्का

**सार**

प्रस्तुत अध्ययन आधारभूत तहमा दलित छात्रवृत्तिको अवस्थाका सम्बन्धमा तयार गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य आधारभूत तहमा दलित छात्रवृत्तिको अवस्था पहिचान गर्नु रहेको छ । यस अध्ययनमा प्रश्नावलीका आधारमा तथ्याङ्क संकलन गरी सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका ४ वटा सामुदायिक आधारभूत विद्यालयका कक्षा ६-८ अध्ययन गर्ने दलित विद्यार्थी, प्रधानाध्यापक, शिक्षक, वि.व्य.स., शिक्षा अधिकृतसँग तथ्यांक संकलन गरिएको छ । साथै यस अध्ययनमा शाब्दिक र सांख्यिकीय तथ्यांकको विश्लेषण गरिएकाले मिश्रित ढाँचाको प्रयोग गरिएको छ ।

यस अध्ययनबाट प्राप्त निष्कर्षमा विगतको तुलनामा दलित बालबालिकाहरूको भर्ना दरमा वृद्धि भएको देखिन्छ तर कक्षा दोहोऱ्याउने र छाड्ने दर केही विद्यालयमा वृद्धि भएको पाइन्छ । अध्ययन क्षेत्रको विद्यालयमा दलित बालबालिकाहरूको सहभागिता बढे पनि आधारभूत तह पूरा नहुँदै विद्यालय छाडेको पाइयो । परीक्षा उपलब्धि पनि अन्य बालबालिकाको सङ्ख्याको तुलनामा दलित विद्यार्थीको भर्ना कम देखिएको छ । छोरालाई छोरीको तुलनामा पढ्नमा केही प्रोत्साहन गरेपनि दलितको पढाइलाई बीचैमा छोडेर घरको अन्य काम जाने क्रम रोकिएको देखिदैन । अझै पनि दलित अभिभावक आर्थिक रूपमा विपन्न भएका कारण शिक्षालाई भन्दा आय आर्जन गर्ने कामलाई बढी महत्व दिने गर्दछन् कारण दलित बालिका अन्य काम तर्फ आकर्षित हुन्छन् । दलित अभिभावकमध्ये केहीले शिक्षाको महत्वबारे वुझिसकेको भएपनि गरिबीका कारण महत्व बुझेर पनि अभिभावक समस्या निराकरण गर्न नसक्ने अवस्थामा छन् । कम उमेरमा विवाह गर्ने चलनले गर्दा छोरा छोरीलाई कति पढाउने भन्ने सम्बन्धमा राम्रोसँग निर्णय गर्न सकेको पाइदैन । दलित छात्रवृत्ति वितरणमा देखिएका समस्यालाई समाधान गर्नका लागि ती सबै कमिकजोरीलाई सुधार गर्दै अगाडि बढ्नु पर्ने अवस्था छ । त्यसका लागि सम्वद्ध सबै पक्षहरू तत्पर र जागरूक बन्नु पर्ने अवस्था छ । नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्म हरेक प्रक्रियामा पारदर्शिता, जवाफदेहीता र निष्पक्षतालाई अगाल्दै अगाडि बढ्नु पर्ने देखिन्छ ।

**मुख्य शब्द** : सामुदायिक विद्यालय, बालबालिका, शैक्षिक अवस्था, अभिभावक, चेतना

**परिचय**

शिक्षा राज्यको विकासको एक आधार हो । शिक्षामा राज्यले बढी भन्दा बढी लगानी गर्नु पर्दछ । एकै राज्य भित्र पनि विभिन्न धर्म, जाति, वर्ग, लिङ्ग र समुदायका मानिसको बसोवास रहेको हुन्छ । यस्ता सबै खालका मानिसले शिक्षा आर्जनको समान अवसर प्राप्त गर्न सकेका हुँदैनन् । तसर्थ राज्यले त्यस्ता वर्ग समुदायको पहिचान गरी विभिन्न किसिमका छात्रवृत्ति, आर्थिक सहयोग, भौतिक सहयोग, मानवीय सहयोगबाट उनीहरूलाई शिक्षा आर्जन गर्न आकर्षित गर्न सक्नु पर्दछ जसले गर्दा उनीहरूको सर्वोपरी विकास भई राज्यको विकासमा समेत टेवा मिल्दछ । 'छात्रवृत्ति' भन्ने शब्द 'छात्र' र 'वृत्ति' दुईवटा छुट्टाछुट्टै शब्दहरूको संयोजनबाट बनेको हो, जसको अर्थ छात्रछात्रा वा विद्यार्थीलाई दिइने वृत्ति हो । वृहत नेपाली शव्दकोषका अनुसार छात्रवृत्तिको अर्थ "विद्यार्थीलाई विद्या आर्जन गर्नको निमित्त दिइने जीविकाको साधन हो" (बृहत् नेपाली शब्दकोष, २०६३) ।

नेपालमा शिक्षाको विस्तार औपचारिक, अनौपचारिक र परम्परागत माध्यममार्फत हुने गरेको छ । आधारभूत तहका विद्यालय उमेर समूहका केही बालबालिका विद्यालय अवसरबाट अझै वञ्चित छन् ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

कतिपय बालबालिका भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक र भाषिक कारणले विद्यालय नआएका पनि छन् । यस्तो अवस्थालाई सम्बोधन गर्न शिक्षामा विस्तार, पहुँच एवम् समानताका दृष्टिबाट सकारात्मक विभेदको सिद्धान्त अवलम्बन गर्नुपर्ने अवस्था देखिन्छ । भाषिक समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने अधिकार प्रत्याभूति, महिला, आर्थिक सामाजिक रूपमा पिछडिएका लागि विशेष व्यवस्था, आधारभूत शिक्षा निःशुल्क गरी बालबालिकाको हकहितको सुरक्षा गर्ने, आर्थिक रूपले विपन्न, असहाय र अपाङ्गता भएका तथा अनाथको शिक्षाका निम्ति राज्यले विशेष व्यवस्था गर्दै जानुपर्ने अवस्था विद्यमान छ । आधारभूत तहको पाठ्यक्रम विकास गर्ने सिलसिलामा विद्यालय तहको पाठ्यक्रमले महिला, दलित, जनजाति, पिछडिएको वर्ग, अपाङ्गता भएका, कठिन अवस्थामा जीवन बिताउन बाध्य, बालश्रमिक, घरेलु श्रमिक, सडक बालबालिका, द्वन्द्वबाट पीडित बालबालिकाका आवश्यकतालाई पर्याप्त मात्रामा सम्बोधन गरेको छ (राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६) ।

विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने व्यवस्था गरेको छ । विद्यालय शिक्षाको संरचनामा कक्षा एकदेखि आठसम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने व्यवस्था छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिएको छ । सिकारूको उमेर, सिकाइ क्षमता स्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना अनुसार विद्यालय शिक्षाको तहगत र कक्षागत संरचनामा विद्यालयको तह कक्षा उमेर समूह सिकाइ क्षमता स्तर, प्रारम्भिक बालविकास तथा शिक्षा जस्ता तहमा विभाजन गरेको छ । यसका लागि विद्यार्थीको उमेर, तह कक्षालाई समेत वर्गीकरण गरेको छ । जसमा समग्र आधारभूत तहका लागि १-८ सम्म राखिएको छ । जस अन्तर्गत प्रारम्भिक तह कक्षा १-३ जसमा ४ वर्ष उमेर समूहका, दोस्रो तहमा कक्षा ४-५ निर्धारण गरेको छ । जसमा विद्यार्थीको उमेर ८ देखि ९ वर्षसम्म, तेस्रो तहमा कक्षा ६-८ रहेको छ, जसमा १० देखि १२ वर्षसम्म उमेर तोकिएको छ (राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६) ।

संविधानको धारा २४ मा छुवाछुत तथा भेदभाव विरूद्धको हक, धारा ४० मा दलित हक भित्र उपधारा १ देखि ७ सम्म दलित समुदायलाई शिक्षा स्वास्थ्य, सामाजिक सुरक्षा, पेसा, जस्ता कुराहरू लगायत माध्यमिक तहको शिक्षा सम्म दलित जातिका विद्यार्थीलाई निशुल्क शिक्षाको व्यवस्था संविधानमा गरेको छ भने धारा ४२ मा सामाजिक न्यायको हकको उपधारा १ अनुसार दलित समुदायलाई पहिचान सहितको सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक र सहभागिता तथा समावेशीताको व्यवस्था कायम गरेको छ (नेपालको संविधान, २०७२) ।

छात्रवृत्तिको विशेष व्यवस्था तथा अवसरका सम्बन्धमा छात्रवृत्ति सम्बन्धी ऐनको व्यवस्थामा ऐनको दफा ३३ को उपदफा (१) बमोजिक अपाङ्गता, दृष्टिविहिन, विद्यार्थी, दृष्टिविहिन, बहिरा, स्वर बोलाइ सम्बन्धी अपाङ्गता भएका, स्थानीय तहमा आर्थिक रूपमा विपन्न मानव विकासको सुचाङ्कको दृष्टिकोणले पछाडि परेका दलित समुदायका बालबालिकाको अध्ययनलाई निरन्तरता दिन उनिहरूलाई छात्रवृत्ति, दिवाखाजा, शैक्षिक सामग्री, विद्यालय पोशाक उपलब्धता गराउन र आवश्यकता र उपलब्धताको आधारमा आवासिय सुविधा सहितको विद्यालयमा अध्ययन गर्ने समेतको विशेष व्यवस्था मिलाउने सक्नेछ भनी व्यवस्था गरिएको छ (नेपाल सरकार, २०७७) ।

अब्राहम मास्लो (१९७०) श्रृङ्खलावद्ध आवश्यकताको सिद्धान्त मार्फत मानव विकासलाई प्रष्ट पार्ने काम गरेका छन् । मास्लोको विचारमा विकास मानिसका आधारभूत आवश्यकता र चाहनाबाट निर्देशित हुन्छ । जब मानिसले सर्वप्रथम आधारभूत आवश्यकतालाई सहजै पुरा गर्दछ तब क्रमशः उनीहरूको सर्वाङ्गिण विकासको शुरूवात हुन्छ । मानवीय आवश्यकता आधारभूत जैविक आवश्यकताबाट शुरू भई सुरक्षात्मक आवश्यकता, भावनात्मक संगतजन्य आवश्यकता, आदार तथा मानसम्मान सम्बन्धी आवश्यकता तथा आत्मबोध सम्बन्धी आवश्यकता जस्ता विभिन्न प्रकृतिका आवश्यकता एकपछि क्रमशः अर्को उच्च स्तरीय आवश्यकताको रूपमा विकास हुने विचार आफ्नो सिद्धान्त मार्फत मास्लोले अघि सारेका हुन् । मास्लोको विचारको यो मानविय आवश्यकता श्रृङ्खलावद्ध विकसित क्रमलाई यस प्रकारको डायग्रामबाट अझ स्पष्टसँग बुझ्न सकिन्छ (थापा, २०६९) ।

यसरी सामुदायिक आधारभूत विद्यालयमा पनि दलित विद्यार्थीहरूका थुप्रै शैक्षिक समस्या छन् । यी समस्याका कारणबाट समाजमा विभिन्न विभेद सृजना हुने गर्दछ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्रा कुनै धनि हुने खानेका बालक अध्ययन गर्दछन् भने कोही निम्न बर्गका बालक अध्ययन गर्दछन् । यीनै विविध वर्गका बालबालिकालाई सिंगो विद्यालय भित्र समावेश गरी शैक्षिक छात्रवृत्ति तथा कृयाकलाप सञ्चालन गर्नु चुनौतिपूर्ण रहेको छ । त्यसैले माथिको पुनरावलोकनले माध्यमिक तहका दलित विद्यँर्थीलाई शैक्षिक अवस्थामा अग्रसर गराउन सहयोग गर्ने देखिन्छ ।

रावत (२०७८) ले 'माध्यमिक तहका दलित विद्यार्थीको शैक्षिक अवस्था' अध्ययनका मुख्य उद्देश्य माध्यमिक तह (कक्षा ९-१२) का दलित विद्यार्थीको शैक्षिक अवस्था पहिचान गर्नु, दलित विद्यार्थीको शैक्षिक समस्या पत्ता लगाउनु, दलित विद्यार्थीका शैक्षिक समस्या समाधानका उपाय सुझाउनु रहेको छ । उक्त विद्यालयका कक्षा ९ देखि १२ सम्मका दलित विद्यार्थीहरूको शैक्षिक अवस्थालाई परिमाणात्मक र गुणात्मक रूपमा व्याख्या विश्लेषण गरिएकाले यस अध्ययनमा मिश्रित ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनलाई पूरा गर्न प्राप्त भएका तथ्याङ्कलाई विश्लेषण र व्याख्या गर्न सहज र प्रभाबकारी हुने गरी आवश्यकता अनुसार व्याख्यात्मक विधि, तथ्याङ्कशास्त्रिय विधिका माध्ययमबाट उपलब्ध तथ्याङ्कलाई विश्लेषण गरिएको छ । दलित विद्यार्थीहरूको भर्ना उच्चतम भएतापनि कक्षामा उपस्थिति हुनेको संख्यामा कमी आएको छ भने परीक्षामा सम्मिलित हुने दलित विद्यार्थी बढी रहेको, सबै दलित विद्यार्थी अन्तिमसम्म नपुग्ने गरेकाले पनि दलित विद्यार्थीको शैक्षिक अवस्था खस्कदो अवस्थामा रहेको निष्कर्ष निकालिएको छ ।

छात्रवृत्ति कार्यक्रम लागु त भएको छ तर त्यसले उचित प्रतिफल दिन नसक्नु, प्रभावकारी प्रयोग नगरिनु जस्ता कार्यान्वयनले दलित विद्यार्थीको शिक्षामा सहभागिता प्रभावकारी हुन सकेको पाइदैन । त्यहीँ समस्यालाई मध्यनजर गर्दै सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका सामुदायिक विद्यालयमा दलित विद्यार्थीको छात्रवृत्ति वितरणको अवस्था के कस्तो छ ? दलित अभिभावक र दलित विद्यार्थीको शिक्षाप्रतिको धारणा कस्तो छ ? लगानी अनुसार शिक्षामा प्रतिफल कस्तो रहेको छ ? दलित छात्रवृत्ति वितरणमा देखिएका समस्या समाधानका उपाय के के हुन सक्छ ? भन्ने प्रश्नमा आधारित रहेर अनुसन्धान गरिएको छ ।

## उद्देश्य

यस अध्ययनका उद्देश्य दलित छात्रवृति वितरणको वर्तमान स्थिति पहिचान गर्नु, दलित छात्रवृत्ति वितरणमा देखिएका समस्यार समाधानका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । प्रस्तुत अध्ययन सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका आधारभूत तह कक्षा ६-८ सम्मका ४ वटा सामुदायिक

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

विद्यालयको आधारभूत तहमा अध्ययनरत दलित विद्यार्थीहरूको छात्रवृत्तिमा सीमित रहेको छ । यस अध्ययनमा प्रश्नावली र विभिन्न विद्यार्थी अभिलेखका आधारमा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.व्य.स.अध्यक्ष, शिक्षा अधिकृत र अभिभावकहरूको जानकारीबाट प्राप्त तथ्यांकलाई मुख्य आधार बनाइएको छ ।

**अनुसन्धान विधि**

यस अध्ययनमा आधारभूत तहमा दलित छात्रवृत्तिको अवस्था सम्बन्धी अध्ययन गर्न गरिएको यो अध्ययन मिश्रित विधिबाट अगाडि बढाइएको छ । आधारभूत तहमा दलित छात्रवृत्तिको अवस्था सम्बन्धमा सम्वन्धित सरोकारवालसँगको धारणा, सूचना सङ्कलन गर्नका लागि प्राथमिक तथ्याङ्कबाट संकलन गरी शब्दगत रूपमा विश्लेषण गरिएकाले गुणात्मक र सिकाइ उपलब्धि, भर्नादर जस्ता तथ्यांकको प्रयोग गरिएकाले यसको ढाँचा परिमाणत्मक गरी यस अनुसन्धानमा मिश्रित ढाँचाको प्रयोग गरिएको छ ।

**तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण**

अध्ययनको यस परिच्छेदमा अध्ययनकर्ताले प्राप्त गरेका तथ्याङ्क एवम् विवरणलाई अध्ययनमा निर्धारण गरिएका उद्देश्य अनुसार शाब्दिक व्याख्या र प्रस्तुतीकरणका माध्यमबाट विश्लेषण गर्न खोजिएको छ । यस अध्ययनको निर्धारित उद्देश्य प्राप्तिका लागि छनोट गरिएका साधन प्रश्नावलीको प्रयोग गरी प्राप्त गरिएका तथ्याङ्कको व्याख्या एवम् विश्लेषण निम्न प्रकारले गरिएको छ :

**छात्रवृत्ति व्यवस्थापन र वितरणको अवस्था**

छात्रवृत्ति व्यवस्थापनको स्थिति हेर्नको लागि यसको कार्यान्वयन पक्ष महत्वपूर्ण हुन्छ । लक्षित वर्गका लागि वितरण गरिने छात्रवृत्ति छनौटका आधार, विद्यार्थी छनौट गर्ने ढाँचा, दलित छात्रवृत्ति कार्यक्रम सञ्चालन निर्देशिकाको पालना, दलितवृत्ति वितरणका लागि अपनाएको नीति, दलित छात्रवृत्तिको सुनिश्चिता जस्ता पक्षबाट छात्रवृत्ति व्यवस्थापन स्थितीलाई हेर्न सकिन्छ ।

**छात्रवृत्ति रकम र त्यसको पर्याप्तता**

अध्ययन क्षेत्रका विद्यालयमा अभिभावक तथा विद्यार्थीलाई पनि छात्रवृत्ति नपाउन्जेल केही सहुलियत पाए हुन्थ्यो धारणा दिएका छन् भने केही सहुलियत पाइसकेपछि त्यसको अपर्याप्तता महसुस हुन सक्छ जुन कुरा दलित समुदायका अभिभावक तथा विद्यार्थी रहेको छ । दलित समुदायका लागि सरकारले छात्रवृत्ति कार्यक्रममा ठूलो धनराशी खर्च गरेको भए तापनि प्रतिकोटा रकम न्यून रहेको देखिन्छ । दलित छात्रवृत्ति रकमको पर्याप्तता सम्बन्धमा अध्ययनमा संलग्न विद्यालयका दलित विद्यार्थी र अभिभावकको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १

*छात्रवृत्ति रकम वितरणको अवस्था*

| विद्यालय | वार्षिक प्रतिविद्यार्थी | विद्यालय पर्याप्त | अपर्याप्तता |
|---|---|---|---|
| क | ४०० | | √ |
| ख | ४०० | | √ |
| ग | ४०० | | √ |
| घ | ४०० | | √ |
| जम्मा | | | ४ |

स्रोत : स्थलगत अध्ययन, २०८१

अध्ययन क्षेत्रका नमुना छनोट गरिएका विद्यालयमा छात्रवृत्ति रकमको पर्याप्तताका सम्बन्धमा अध्ययन गर्दा ४ वटा विद्यालयमा नै दलित छात्रवृत्ति रकमको पर्याप्ता नभएको पाइयो । दलित विद्यार्थी संख्याका आधारमा सबै विद्यालयमा पर्याप्त विद्यार्थी संख्याका आधारमा पर्याप्त नभएकाले दलित अभिभावकहरूमा पनि छात्रवृत्ति रकमले सामान्य सहयोग गरेको भएतापनि पर्याप्त सहयोग भने नगरेको देखिन्छ । शैक्षिक सामग्रीका रूपमा मात्र उक्त रकम प्रयोग हुँदै आएको पाइयो । जसले विद्यार्थीलाई हौसला र उत्प्रेरणा दिने गरेको देखिन्छ ।

अध्ययन क्षेत्रका सामुदायिक आधारभूत विद्यालयका दलित अभिभावकका अनुसार छात्रवृत्ति रकम वार्षिक रूपमा प्रतिविद्यार्थी ४०० का दरले छात्रवृत्ति उपलब्ध हुँदै आएको पाइयो । जसले विद्यार्थीको शैक्षिक सामग्री र पोसाक किन्नमा समेत नपुग्ने भएको, विद्यार्थीहरूलाई केवल दिन्छन् भन्ने आधार मात्र रहेकाले दलित विद्यार्थी र अभिभावक छात्रवृत्तिप्रति सन्तुष्टि नभएको देखिन्छ । उनीहरूको विचारमा हरेक महिनामा ४०० का दरले छात्रवृत्ति दिएको भए उपयुक्त हुन्थ्यो कि भन्ने धारणा दलित अभिभावकको रहेको छ ।

**छात्रवृत्ति वितरणमा अपनाएका प्रक्रिया**

नीति निर्माण गर्ने एउटा तह हुन्छ भने निर्देशन दिने अर्को तह हुन्छ त्यस्तै कार्यान्वयन तह अर्कै रहेको हुन्छ । भन्ने गरिन्छः नीति बनाइन्छ त्यसलाई कार्यान्वयनमा ल्याइदैन त्यसैले दलित छात्रवृत्तिका लागि बनाइएका नीतिहरूमा निर्देशन दिने तथा कार्यान्वयनमा ल्याउने तहले के गर्ने गरेको छ भन्ने कुरा हेर्नको लागि यहाँ सरकारी निकायका कर्मचारीहरूबाट नीतिगत रूपमा व्यवस्था भएका कुरालाई कसरी कार्यान्वयनमा ल्याइएको छ भन्ने कुरा हेर्न निम्न तालिकामा राखिएको छ । यस तालिकामा लेखिएका कुराहरू कार्यक्रम कार्यान्वयन निर्देशिका २०८० मा व्यवस्था भएका छन् र कार्यान्वयन कसरी गरिएको छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ :

तालिका २

*छात्रवृत्ति वितरणमा अपनाएका प्रक्रिया*

| विद्यालय | समिति गठन | प्रधानाध्यापकको निर्देशन | प्रधानाध्यापक र वि.व्य.स.बाट छनोट | नामावली अनुसार |
|---|---|---|---|---|
| क | - | - | - | √ |
| ख | - | - | - | √ |
| ग | - | - | - | √ |
| घ | - | - | - | √ |
| जम्मा | - | - | - | ४ |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार छात्रवृत्ति वितरणमा अपनाएका नीतिका सम्बन्धमा अध्ययनमा समावेश गरिएका विद्यालयको छात्रवृत्ति विवरण नीतिको अवस्था अनुसार नै दलित विद्यार्थीको नामावली अनुसार सूची तयार गरी वितरण गरेको पाइयो । जसमा सबै विद्यालयमा छात्रवृत्ति पाउने दलित विद्यार्थीहरुको नामावली संकलन गरिएको देखिन्छ । जसमा कक्षा अनुसार सबै विद्यार्थीहरुलाई विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको सहभागितामा विद्यालयले गरेको निर्णय अनुसार दलित छात्रवृत्ति वितरण गरिएको पाइयो ।

अध्ययन क्षेत्रका विद्यालयमा दलित छात्रवृत्ति वितरण गर्दा हरेक वर्षमा दलित विद्यार्थीहरूको नामावली अनुसार उनीहरूको अभिभावकलाई बोलाएर पनि नै वितरण गर्ने गरेको पाइयो। दलित विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्दा अभिभावकलाई मात्र दिने गरेको तर कतिपय विद्यालयमा विद्यालयमा नै स्वंयम् विद्यार्थीलाई पनि दिने गरेको पाइयो। जसका लागि जिम्मेवारी विद्यार्थी नै बढी रहने गरेको पाइयो। अध्ययन क्षेत्रका विद्यालयमा दलित विद्यार्थी सबैलाई छात्रवृत्ति दिने नियम रहेको पाइयो। जसका लागि छात्रवृत्ति वितरणले उनीहरूलाई सामान्य रूपमा मात्र सहयोग गरेको देखिन्छ।

**दलित छात्रवृत्ति पाएका विद्यार्थीको विवरण**

नेपाल सरकारबाट प्रदान गरिने छात्रवृत्ति हरेक लक्षित वर्गका लागि प्रदान गर्ने नीति रहेको छ। जसमा दलित समुदायका बालबालिकाहरूले पनि छात्रवृत्ति अनिवार्य रूपमा पाउने व्यवस्था रहेको छ। दलित समुदायका विद्यार्थीहरूको शैक्षिक अवस्थामा सहयोग पुग्ने गरी नेपाल सरकारले पनि छात्रवृत्ति वितरण गर्ने गरेको छ। जसले दलित विद्यार्थीहरूमा त्यसको कुनै सहयोग मिलेको अनुभूति भएको छैन। उनीहरू केवल छात्रवृत्ति पाउने भएकाले त्यसप्रति पर्याप्त सन्तुष्टि नभएको पाइन्छ।

अध्ययन क्षेत्र अन्तर्गत रहेका चार वटा माध्यमिक विद्यालयको कक्षा ६ देखि ८ मा अध्ययन गर्ने दलितहरूको छात्रवृत्तिको स्थितिलाई पहिल्याउन शिक्षा अधिकृत, प्रधानाध्यापक, शिक्षक, वि.व्य.स अध्यक्ष, र विद्यार्थीलाई प्रश्नावली, विद्यालय अभिलेख फाराम, विद्यार्थी हाजिरी र रूजुसूचीका माध्यमबाट दलितहरूको छात्रवृत्तिको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३

*दलित छात्रवृत्ति पाएका विद्यार्थीको विवरण*

| विद्यालय | २०७८ | | | २०७९ | | | २०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| क | ५८ | ८२ | १४० | ४६ | ५६ | १०२ | ५१ | ६३ | ११४ |
| ख | ४० | ५३ | ९३ | ३९ | ५१ | ९० | ४४ | ५५ | ९९ |
| ग | ७९ | ८५ | १६४ | ७८ | ९७ | १७५ | ७२ | ७९ | १५१ |
| घ | ४१ | ५१ | ९५ | ३९ | ४९ | ८८ | ३० | ४४ | ७४ |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार समग्रमा हेर्दा अध्ययन क्षेत्रका सबै विद्यालयमा दलित विद्यार्थीहरूले छात्रवृत्ति पाएको देखिन्छ। नेपाल सरकारको नीति पद्धति अनुसार छात्रवृत्ति रकम दलित विद्यार्थीका लागि अनिवार्य रूपमा व्यवस्था गर्ने नीति रहेकाले हरेक विद्यालयमा प्रत्येक दलित विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गर्दै आएको पाइयो। कतिपय दलित विद्यार्थीहरू कक्षामा सहभागी नभएको र बिचैमा कक्षा छाड्ने गरेका विभिन्न कारणले छात्राहरू कक्षामा सहभागी नभई पढाइ छाड्ने गरेकाले उक्त विद्यार्थीले भने दलित छात्रवृत्ति नभएको देखिन्छ। छात्रवृत्तिप्रति कतिपय दलित विद्यार्थी सन्तुष्टि भएको देखिन्छ। जसको प्रभाव विद्यार्थीको सिकाइमा उपस्थितिमा तथा परीक्षाको सिकाइ उपलब्धिमा सहयोग पुगेको पाइयो।

**दलित छात्रवृत्ति वितरणमामा देखिएका समस्या**

अध्ययन क्षेत्र सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अर्न्तगतका सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स. र शिक्षा अधिकृतसँग प्रत्यक्ष प्रश्नावलीको

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

माध्यमबाट आधारभूत विद्यालय तहमा दलित विद्यार्थीको छात्रवृत्ति वितरणले सिकाइ उपलब्धि कम हुनुका कारणहरू पत्ता लगाइएको छ । अध्ययनको क्रममा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अर्न्तगतका ४ ओटा सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक दलित विद्यार्थी र शिक्षा अधिकृतसँग प्रत्यक्ष भेटघाट प्रश्नावली मार्फत विचार संकलन गर्दा विद्यालय तहमा दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि कम हुनुका निम्न कारणहरूको अध्ययन गरी विश्लेषण गरिएको छ :

**अभिभावक छात्रवृत्तिप्रति असन्तुष्ट**

अध्ययन क्षेत्र अर्न्तगतका समुदायका दलित बालबालिकाले न्युन आर्थिक अवस्थाका कारण कापी कलम किन्न नसक्नु, लुगा कपडाको जोहो गर्न नसक्नु दुई छाक टार्न धौ-धौ पर्नु, जस्ता समस्याहरू भोगी विद्यालय शिक्षामा सहभागि हुन सकेका छैनन र सहभागी भए पनि बीचैमा विद्यालय छोड्न पर्ने बाध्यता छ । जसले गर्दा छात्रवृत्तिप्रति पर्याप्त नभएकाले असन्तुष्टि रहेको पाइयो । रोजगारीको लागि आधिकांश अभिभावकहरू भारत तिर जाने हुँदा घरको कामको जिम्मा आइमाई र केटाकेटीको जिम्मामा हुने हुँदा दलितहरू विद्यालय शिक्षामा सहभागी हुन सकेका छैनन । जसले गर्दा दलित अभिभावकमा छात्रवृत्तिप्रति भर पर्ने प्रवृत्ति रहेको छ । छोराछोरीलाई छात्रवृत्ति पर्याप्त भएमा निरन्तर विद्यालय पठाउने धारणा देखिएको छ । तर नेपाल सरकारले दलित छात्रवृत्ति कम दिने गरेकाले छात्रवृत्तिप्रति असन्तुष्टि देखाएको पाइन्छ । जसले गर्दा दलित विद्यार्थीका लागि छात्रवृत्तिले शिक्षामा सहयोग नपुग्ने गरेकाले दलित १४-१५ वर्षका भएपछि विहे गर्ने गर्छन भने दलितहरू घाँस काट्ने तथा घरको काममा सहभागी गराउने गर्दछन । जसको परिणाम स्वरूप अभिभावक छोराछोरीलाई विद्यालय शिक्षा प्राप्त गर्नबाट बञ्चित समेत गरेको पाइयो ।

अध्ययन क्षेत्र अन्तरगतका अधिकांश अभिभावकमा विद्यालय छात्रवृत्तिबाट वितृष्णा जागेको पाइयो । छात्रवृत्तिले आर्थिक सहयोग नपुगेको गुनासो पाख्ने गरेको पाइयो । शिक्षाभन्दा छात्रवृत्तिप्रति बढी आकर्षित भएको पाइन्छ । केही अभिभावकले भने आफूले श्रम गरे अनुसारको ज्याला जति पनि छात्रवृत्ति नपाउने गरेको दुखेसो समेत व्यक्त गर्नु भयो । यसर्थ अध्ययन क्षेत्रका दलित अभिभावकमा छात्रवृत्ति रकम कम भएकाले आर्थिक रूपमा सशक्त नभई पनि कहि कतै आर्थिक श्रम शोषणमा परेको पाइयो ।

**छात्रवृत्ति लिन नमान्नु**

अध्ययन क्षेत्र अर्न्तगतका अधिकांश अभिभावकले दलित छात्रवृत्ति रकम लिन अस्वीकार गरेको पाइयो । छोराछोरीलाई नियमित रुपमा विद्यालयमा पठाउने गरेको भएतापनि उनीहरु दलित छात्रवृत्तिमा भने आस्थावान रहेको पाइयो । विद्यालयका सबै क्षेत्रमा सहभागी भई आउने गरेका विद्यार्थी आर्थिक अभावका कारण विद्यालय छाड्न बाध्य रहेको पाइन्छ । जसमा कम छात्रवृत्तिका कारण दलित छात्राहरु बढी आउने गरेको तर छात्रवृत्ति रकम नै कम आउने गरेकाले छात्रवृत्ति नलिने समस्या आउने गरेको पाइयो । अभिभावकहरुले पनि कम रकम भएका कारणले दलितहरु छात्रवृत्तिमा सहभागी हुने गरेको तर शिक्षक तथा प्रधानाध्यापकले लिन आग्रह गरेको पाइयो । समुदाय छात्रभन्दा छात्रा बढी सहभागि हुने गरेकाले पनि दलित छात्रा र अभिभावबढी प्रभावकारी रुपमाशिक्षामा सहभागि भएको पाइयो । निरक्षर रहेका छन त्यसमध्ये पनि दलित अभिभावकको संख्या बढी नै छ । छोरीलाई पढाउनु भन्दा घरायसी काममा लगाउने गरेको देखिन्छ । कतिपय विद्यार्थीको छात्रवृत्ति रकम नलिइ विद्यालयमा नै छाड्ने गरेको पाइन्छ । अभिभावकले विद्यालय पठाए पनि कक्षा ९ र १० उत्तीर्ण भए पछि बढी जसो दलितहरूले विद्यालय छोड्ने गरेको प्रष्ट हुन्छ । केही दलितले मा. वि. तह मा अध्ययन गर्दा गर्दै तथा केहीले

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

नि.मा.वि. तह उत्तीर्ण गरेपछि पनि विद्यालय छोडने गरेको पाइन्छ । विद्यालय छोडे पछि केटी घरको काममा लाग्ने र विहे गर्ने गरेको पाइयो ।

**दलित छात्रा सहभागिता समस्या**

दलित बालबालिकासँग सम्बन्धित विद्यालयमा नियमित नहुने समस्यामा बालबालिकासँग सम्बन्धित विद्यालयमा नियमित नहुने समस्याहरूमा दलितको सहभागितामा कमी भएकाले पनि समस्या हुने गरेको पाइयो । शारीरिक अस्वस्थता, मानसिक रोग, रूचिको अभाव, कक्षामा अनुतिर्ण हुनु र उमेर बढि हुनु जस्ता समस्याले दलितको शारीरिक तथा मानसिक स्वस्थ्यमा नकारात्मक असर परि विद्यालयबाट बाहिर गएको देखिन्छ । यस्तो समस्याबाट मुक्त हुन । बालकेन्द्रित शिक्षण र मनोरञ्जनात्मक कक्षाको वातावरण सिर्जना गर्न सकेमा दलितको पढाइ प्रतिको रूचि जागृत भई विद्यालयमा टिकाइ राख्न मद्दत मिल्ने कुरा स्थलगत सर्वेक्षणको क्रममा प्रधानाध्यापक शिक्षक, वि.व्य.स. अभिभावक र विद्यार्थीबाट पाइयो । यिनै समस्याले दलितको शिक्षा आर्जनमा प्रभाव पार्न सक्ने हुँदा उनिहरूले विद्यालय छाड्नु परेको हो । विद्यालयमा नियमित पढाइ नुहुनु व्यवहारिक सीपमुलक शिक्षाको अभाव, भाषिक कठिनाई दक्ष तालिम प्राप्त शिक्षकको अभाव लगायत विद्यार्थी स्वयम्का व्यक्तिगत समस्या खराब स्वास्थ्य पढ्ने रूची नभएको, अनुत्तीर्ण भएको, बढि उमेर भएको जस्ता आर्थिक, सामाजिक, विद्यालयसँग सम्बन्धित र व्यक्तिगत समस्याकै कारण दलित विद्यालयमा अनियमित हुने कक्षा छाड्ने र केहिले पछि विभिन्न प्रायासको माध्यमबाट पुनः कक्षा दोहोऱ्याउने गरेको देखियो ।

**विद्यालय छात्रवृत्ति रकम समयमा उपलब्ध नहुनु**

अध्ययन क्षेत्रमा दलित छात्रवृत्ति रकम समयमा उपलब्ध नभएकाले पनि वितरणमा समस्या देखिएको पाइयो । समयमा उपलब्ध नभएकाले दलित विद्यार्थीका लागि कक्षामा सहभागितामा पनि कमी हुने गरेको पाइयो । उनीहरु कहिले काही छात्रवृत्ति रकममा आशा राख्ने पद्धति पनि देखिन्छ । समयमा वितरण गर्नुपर्नेमा कहिलेकाही समयमा वितरण हुन नसक्दा दलित अभिभावकले विद्यालयमा आएर सोध्ने गरेको पाइयो । जसले गर्दा दलित छात्रछात्राहरुले पनि विद्यालयमा शिक्षक सँग सोध्ने गरेको पाइयो । दलित समुदायमा छात्रवृत्ति रकमले पनि केही मात्रामा शिक्षामा सहयोग मात्र गरेको भएतापनि उनीलाई आर्थिक रुपमा पूर्ण सहयोग नपुगेको पाइयो । शैक्षिक सामग्री खरिदको समस्या परेका समयमा छात्रवृत्ति उपलब्ध नहुनुले पनि दलित विद्यार्थीमा निरासाजनक हुने कहिले कक्षामा सहभागी नहुने, विद्यालय नआउने जस्ता समस्या देखिएका छन ।

**छात्रवृत्तिले शैक्षिक अवस्थामा देखिएका समस्या समाधानका उपाय**

अध्ययन क्षेत्र सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अर्न्तगतका विद्यालयहरूमा दलित वि.व्य.स., प्रधानाध्यापक, शिक्षा अधिकृत र दलित विद्यार्थीलाई विद्यालय तहमा सहभागिताको स्थिति बढाउन के-के उपाय अपनाउनु पर्ला ? भनी प्रश्नावलीका आधारमा भनेर गरेको अध्ययनमा विद्यालय तहमा दलित विद्यार्थीको सहभागिता बृद्धि गर्नको लागि दलितलाई स्वरोजगारको व्यवस्था गर्ने तथा आर्थिक अवस्था सुधारको लागि सहयोग गर्नुपर्ने प्रतिक्रिया रहेको पाइयो ।

**पर्याप्त छात्रवृत्तिको व्यवस्था**

अध्ययन क्षेत्रका दलित समुदायका विद्यार्थीका लागि पर्याप्त मात्रामा छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्ने देखिन्छ । नेपाल सरकारले दलित छात्रवृत्ति रकममा वृद्धि गरी दलित आकर्षिक पोसाक तथा रकम सहितको व्यवस्था गरिनु पर्ने देखिन्छ । विद्यार्थीका लागि विद्यालयमा दलित छात्रवृत्तिमा स्थानीय तहबाट पनि थप गरिनु पर्ने देखिन्छ । जसले गर्दा दलित विद्यार्थीलाई विद्यालयमा शिक्षाप्रति आकर्षित गर्ने

वातावरण सिर्जना होस् । दलित समुदायका जेहेन्दार विद्यार्थीका लागि छुट्टै छात्रवृत्ति रकमको व्यवस्था गरिनु पर्ने छ । उनीहरुलाई रोजगारको व्यवस्था हुने गरी स्थानीय तथा विभिन्न संघीय सरकारले कार्यक्रम ल्याउनु पर्ने देखिन्छ । अध्ययन क्षेत्र अन्तरगतका अधिकांश अभिभावकहरूमा विद्यालय छात्रवृत्तिबाट वितृष्णा भएकाले उनीहरुको आवश्यकता सहयोग पुग्ने गरी निशुल्क शिक्षा, स्वास्थ्य तथा आधारभूत व्यवस्था गरिनु पर्ने देखिन्छ । केही अभिभावकलाई सन्तुष्ट हुने खालको छात्रवृत्ति व्यवस्थापन गरिनु पर्ने देखिन्छ ।

**छात्रवृत्तिका लागि विद्यालयले पहल गर्नुपर्ने**

प्रस्तुत अध्ययनमा दलित विद्यार्थीको लागि छात्रवृत्ति व्ययवस्थापनमा देखिएका समस्या समाधान गर्न विद्यालयले स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग दलित छात्रवृत्तिका समस्याका सन्दर्भमा पहल गर्नु पर्ने, रकमको माग गर्नुपर्ने, दलित समुदायका अभिभावकलाई सचेतनामूलक कार्यक्रम गरी अभिभावकलाई पहल गर्ने प्रतिवद्धता समेत गर्नुपर्ने देखिन्छ । विद्यालयमा दलित विद्यार्थीको सहभागिता वृद्धि गर्नका लागि दलित बालबालिकाको शैक्षिक स्थिति र सिकाइका लागि विद्यालयमा प्राथमिकता दिनु पर्ने देखिन्छ । स्थानीय सरकोकारवाला तथा विभिन्न शैक्षिक निकाय तथा संघसंस्थागत दलित विद्यार्थीको लागि शैक्षिक विकास गर्ने, छात्रवृत्तिमा सहयोग गर्ने गरी विद्यालयले पहल गर्नुपर्ने देखिन्छ । आर्थिक स्रोतको उचित व्यवस्थापन हुने गरी विद्यालयले दलित विद्यार्थीका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम, अतिरिक्त कार्यक्रमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**दलित छात्रा सहभागितामा वृद्धि कार्यक्रमको व्यवस्था**

दलित बालबालिकासँग सम्बन्धित विद्यालयमा नियमित नहुने समस्यामा बालबालिकासँग सम्बन्धित विद्यालयमा नियमित नहुने समस्यामा दलितको सहभागितामा कमी हुने भएकाले दलित छात्राको शैक्षिक अवस्था अनुसारका छात्रवृत्तिमा थप अन्य शैक्षिक प्रोत्साहनका कार्यक्रममा जोड दिनुपर्ने देखिन्छ । बालकेन्द्रित शिक्षण र मनोरञ्जनात्मक कक्षाको वातावरण सिर्जना गर्न सकेमा दलितहरूको पढाइ प्रतिको रूचि जागृत भई गराउनु पर्ने देखिन्छ । विद्यालयमा दलित छात्राका लागि छात्रा शौचालय, स्वास्थ्य सुलभ शौचालय तथा विभिन्न स्वास्थ्य सामग्रीको व्यवस्था गरी दलित छात्रा तथा अन्य छात्राका लागि व्यवस्थापन गरिनु पर्ने देखिन्छ । विद्यालयमा नियमित पढाइका लागि छात्राका लागि छात्रवृत्ति रकममा वृद्धि गरी व्यवहारिक सीपमुलक शिक्षाको व्यवस्था गर्नुपर्ने, दक्ष तालिम प्राप्त हुने गरी व्यवसायिक तालिम, सिप तथा अन्य कार्यक्रमका लागि स्थानीय सरकारसँग माग गरिनु पर्ने, छात्राको पोसाकको छात्रवृत्ति थप गर्नुपर्ने देखिन्छ । जसले छात्राको सहभागितामा वृद्धि गर्न समेत सहयोग पुग्नेछ ।

**छात्रवृत्ति रकम समयमा उपलब्ध गरिनुपर्ने**

अध्ययन क्षेत्रमा दलित छात्रवृत्ति रकम समयमा उपलब्ध नभएकाले पनि वितरणका लागि विद्यालयले छिटो पहल गर्नुपर्ने देखिन्छ । दलित समुदायको आर्थिक समस्या समाधान गर्न, शैक्षिक समस्या समाधान गर्न छात्रवृत्ति रकम उपयुक्त समयमा विद्यालयमा व्यवस्था हुने गरी विद्यालयले त्यसको पहल गर्नुपर्ने देखिन्छ । समयमा उपलब्ध नभएकाले दलित विद्यार्थीका लागि कक्षामा सहभागितामा कमी हुने गरेकाले पनि दलित विद्यार्थीलाई शैक्षिक सामग्रीको उचित सहयोग पुग्ने गरी छात्रवृत्ति रकम पाउने व्यवस्था गरिनु पर्ने देखिन्छ । उनीहरु कहिले काही छात्रवृत्ति रकममा आशा राख्ने पद्धति पनि देखिन्छ । समयमा वितरण गर्नुपर्नेमा कहिलेकाही समयमा वितरण हुन नसक्दा दलित अभिभावकले विद्यालयमा आएर सोध्ने गरेकाले उनीहरुका लागि पहल गर्न विद्यालय जिम्मेवार रहनु पर्ने र विद्यालयको शैक्षिक व्यवस्था र भौतिक व्यवस्था सुधार हुने गरी व्यवस्था गर्नुपर्ने । दलित समुदायमा छात्रवृत्ति रकमले पनि

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

केही मात्रामा शिक्षामा सहयोग मात्र गरेको भएतापनि उनीहरुलाई आर्थिक रुपमा पूर्ण सहयोग नपुगेको पाइयो । शैक्षिक सामग्री खरिदको समस्या परेका समयमा छात्रवृत्ति उपलब्ध नहुनु दलित विद्यार्थीमा निरासाजनक हुने भएकाले शैक्षिक कार्यक्रममा दलित विद्यार्थीलाई अतिरिक्त कार्यक्रममा सहयोग गर्नुपर्ने, प्रयोजनमूलक रुपमा सहयोग शैक्षिक सामग्री सहयोग पुग्ने गरी सहयोग गर्नुपर्ने देखिन्छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययन आधारभूत तहमा  दलित छात्रवृत्तिको अवस्थाका सम्बन्धमा गरिएको छ । अध्ययनबाट प्राप्त निष्कषमा विगतको तुलनामा दलित बालबालिकाको शिक्षामा सहभागिता तुलनात्मक रूपमा वृद्धि भएको देखिन्छ । तर कक्षा दोहोर्‍याउने र छाड्ने दर भने यथावत नै रहेको देखिन्छ । अध्ययन क्षेत्रको विद्यालयमा दलित बालबालिकाहरूको सहभागिता बढे पनि आधारभूत तह पूरा नहुँदै विद्यालय छाडेको पाइयो । परीक्षा उपलब्धि पनि अन्य बालबालिकाको सङ्ख्याको तुलनामा दलित विद्यार्थीको भर्ना कम देखिएको छ । बास्तविक शिक्षाको मर्म वुझेर दलित समुदायमा छोरीलाई माथिल्लो कक्षासम्म पढाउने सङ्ख्या निकै कम छ । पढ्दा पढ्दै विवाह गरिदिने चलन बढी छ । छोरालाई छोरीको तुलनामा पढ्नमा केही प्रोत्साहन गरेपनि दलित बालकहरू पढाइलाई बीचैमा छोडेर घरको अन्य काम जाने क्रम रोकिएको छैन । अझै पनि दलित अभिभावक आर्थिक रूपमा विपन्न भएका कारण शिक्षालाई भन्दा आयआर्जन गर्ने कामलाई बढी महत्व दिने गर्दछन् कारण दलित बालीकाहरू अन्य काम तर्फ आकर्षित हुन्छ । कतिपय अभिभावकले परम्परागत सोचाईका कारण छोरीको तुलनामा छोरालाई बढी मान्यता दिएर छोरालाई मात्र विद्यालय पठाउने गरेको पनि भेटियो ।

विहान उज्यालो हुने बित्तिकै विभिन्न घरायसी अनि खेतीपातीको काममा संलग्न हुनु पर्ने, भाइबहिनी हेर्नुपर्ने जस्ता कामले गर्दा दलित बालबालिकाहरूको शैक्षिक संलग्नतामा (विशेष गरी बालिका) अति नै समस्या परेको देखिन्छ । गरिबी, अशिक्षा, अज्ञानताको भूमरीका कारण शिक्षामा उपस्थिति, संलग्नता र उपलब्धि त्यति राम्रो हुन सकेको पाइँदैन । तर पनि सालगत रूपमा हेर्दा संलग्नता र उपलब्धिमा केही सुधार भएको मान्न सकिन्छ । दलित अभिभावकमध्ये केहीले शिक्षाको महत्व बारे बुझिसकेको भएपनि गरिबीका कारण महत्व बुझेर पनि अभिभावक समस्या निराकरण गर्न नसक्ने अवस्थामा छन् ।

दलित छात्रवृत्तिले धेरै अभिभावक र विद्यार्थीलाई राहतका अतिरिक्त प्रोत्साहन पुर्‍याएका कारण यसले समुदायमा शिक्षाप्रति सकारात्मक भावना पुर्‍याएको पाइएको छ । छात्रवृत्ति मार्फत उपलब्ध गराउने सहयोग कमै भए पनि यसले विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावक बीच सम्बन्ध स्थापनाको पुलको काम गरेको छ । जसका कारण यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै अझ प्रभावकारी बनाउनु जरूरी देखिन्छ । कतिपय दलित बालबालिका छात्रवृत्ति मार्फत पाइने सुविधाकै लोभमा परेर विद्यालय जाने गरेका कारण पनि शैक्षिक सहभागितामा क्रमश वृद्धि भएको पाइएको छ । शैक्षिक सहभागिता वृद्धि भै क्रमश विद्यालयमा नियमितता हुने गरेका कारण शैक्षिक उपलब्धिमा पनि सकारात्मक प्रभाव परेको देखिन्छ । अतः यस कार्यक्रमलाई सही रूपमा उपयोग गर्नुपर्ने देखिएको छ ।

छात्रवृत्ति वितरणका पनि विभिन्न कमिकमजोरी रहेको पाइएको छ । छात्रवृत्ति वितरण प्रणाली कमजोर रहेको छ । त्यस्तै अनुगमन निरीक्षण प्रणालीको व्यवस्था रहेको छैन । पारदर्शिताको अभाव, छात्रवृत्तिको प्रकार रकम र दरवन्दी सम्बन्धमा अन्यौलको अवस्था छ । छात्रवृत्ति निश्चित आधार अनुसार वितरण गरिएको छैन । छात्रवृत्तिको प्रभाव समबन्धी अध्ययन अनुसन्धान गरिएको छैन । तथ्याङ्क विश्वसनीय छैन । बजेटको अप्रर्याप्तता, विभिन्न पक्षवीच समन्वयको अभाव, कार्यान्वयन निर्देशिकाको

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

कमि, नियमितताको अभाव बजेट निकासामा ढिलाई, हचुवाको भरमा वितरण प्रणाली जस्ता विभिन्न समस्याहरू रहेको छ ।

दलित छात्रवृत्ति वितरणमा देखिएका समस्यालाई समाधान गर्नका लागि ती सबै कमिकजोरीलाई सुधार गर्दै अगाडि बढ्नु पर्ने अवस्था छ । त्यसका लागि सम्बद्ध सबै पक्ष तत्पर र जागरूक बन्नु पर्ने अवस्था छ । नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्म हरेक प्रक्रियामा पारदर्शिता, जवाफदेहीता र निष्पक्षतालाई अगाल्दै अगाडि बढ्नु पर्ने देखिन्छ ।

**सन्दर्भ सूची**

*आधाभूत शिक्षा पाठ्यक्रम* (२०७६), नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, काठमाडौं ।

अधिकारी, विष्णुप्रसाद (२०५७), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौंः आशिष बुक्स ।

अधिकारी, विष्णुप्रसाद र पौडेल, आनन्द (२०६७), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौं : आशिष बुक्स ।

गौतम, खगेश्वर (२०७३), शिक्षा नागरिकको अधिकार, *शिक्षक मासिक पत्रिका,* वर्ष २ अंक ८ ।

चौलागाँई, देवराज (२०७३), *दर्जी समुदायका बालबालिकाको शैक्षिक अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

जि.सी., गोमा (२०७०), *बाढि पिडीत सामुदायका बालबालिकामा छात्रवृत्तिको अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

थापा, ताराबहादुर (२०६९), *शैक्षिक व्यवस्थापन र संगठणात्मक व्यवहार,* काठमाडौ : सनलाईट पब्लिकेशन ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान,* २०७२, काठमाडौं : नेपाल सरकार ।

नेपाल सरकार (२०७७), *आधारभूत तहको पाठ्यक्रम,* नेपाल सरकार,पाठ्यक्रम विकास केन्द्र, काठमाडौं ।

न्यौपाने, शिव (२०७५), *माध्यमिक तहका छात्राहरूको शैक्षिक अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र सुर्खेत, क्याम्पस शिक्षा ।

बाँस्तोला, ओमप्रसाद (२०७५), *छात्रा सुलभ शौचालयले छात्रा विद्यार्थीहरूको सिकाइमा पारेको प्रभाव,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस, (शिक्षा), सुर्खेत ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, (२०७६), *आधारभूत तहको पाठ्यक्रम २०७६,* नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, काठमाडौं ।

रावत, लालबहादुर (२०७८),*माध्यमिक तहका दलित विद्यार्थीको शैक्षिक अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, म.प.वि., सुर्खेत ।

*वृहत नेपाली शब्दकोष,* (२०६३), नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

विश्वकर्मा, पद्मलाल (२०६४), *इतिहासमा दलित महिला,* http.//www. pdfzill..com बाट साभार गरिएको ।

विष्ट, शिवप्रसाद (२०६८), *छात्रवृत्तिले दलित विद्यार्थीको सिकाइमा पारेको प्रभाव,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

शिक्षा नियमावली (२०५९), *माध्यमिक विद्यालयको सहयोग कार्यक्रम,* काठमाडौं : नेपाल सरकार ।

*शिक्षा ऐन* (२०२८), नेपाल सरकार, शिक्षा मन्त्रालय, काठमाडौ ।

*शिक्षा विभाग* (२०६३),*शिक्षाको प्रतिवेदन,* भक्तपुर : शिक्षा विभाग अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा ।

श्रेष्ठ, चन्द्रबहादुर (२०७०), *माध्यमिक तहमा छात्रा शिक्षा,* शैक्षिक दपर्ण, वर्ष २ अंक ६ ।
सिंह, जयन्ता (२०७७), *दलित बालबालिकाहरूको शैक्षिक अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, गणित तथा शिक्षा शिक्षण समिति, म.प.वि., सुर्खेत ।
सुवेदी, युवराज (२०७२), *छात्राको शैक्षिक अवस्था,* अप्रकाशित स्नातकोत्तर सामाजिक न्याय सम्बन्धी प्रतिवेदन, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।